# आलु तथा तरकारीबाली प्रवर्धन सम्बन्धी आयोजना कार्यान्वयन मापदण्ड, २०८०

(मन्त्रीस्तरबाट स्वीकृत मितिः २०८०/०५/१८)

**प्रस्तावनाः** गण्डकी प्रदेशमा उन्नत प्रविधि प्रयोग मार्फत आलु तथा तरकारी बालीको उत्पादन एवम् उत्पादकत्व वृद्धि गर्दै आयात प्रतिस्थापन गर्ने उद्देश्यले आलु तथा तरकारीबाली प्रवर्धन सम्बन्धी आयोजना कार्यान्वयन गर्नका लागि "बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०७७" को दफा ४० ले दिएको अधिकार प्रयोग गरी कृषि तथा भूमि व्यवस्था मन्त्रालय, गण्डकी प्रदेशले यो मापदण्ड बनाएको छ।

**१. प्राविधिक पक्षः**

(क) यस मापदण्ड बमोजिम आलु तथा तरकारीबाली प्रवर्धन सम्बन्धी आयोजना अन्तर्गतका देहाय बमोजिमका कार्यक्रमहरु सञ्चालन हुनेछन्।

(अ) आलु तथा तरकारीको मौसमी/बेमौसमी खेती प्रवर्धन/विस्तार सम्बन्धी कार्यक्रम,

(आ) आलु तथा तरकारी खेती सम्बन्धी स्थलगत तालिम,

(इ) आलु तथा तरकारी बाली संरक्षण सम्बन्धी कार्यक्रम,

(ई) आलु तथा तरकारीको पोष्टहार्भेष्ट क्षति न्यूनीकरण सम्बन्धी कार्यक्रम,

(उ) आलु तथा तरकारीको मूल्य अभिवृद्धि तथा बजार प्रवर्धन सम्बन्धी कार्यक्रम,

(ऊ) थोक बजारमा किसान स्टल निर्माण तथा सञ्चालन सहयोग/कृषि उपज बजार तथा संकलन केन्द्रको स्तरोन्नति सम्बन्धी कार्यक्रम।

(ख) कार्यक्रम सञ्चालन सम्बन्धी मापदण्ड देहाय बमोजिम हुनेछ।

| क्र.सं. | कार्यक्रमको नाम | न्यूनतम क्षेत्रफल | सञ्चालन प्रक्रिया |
|---|---|---|---|
| १. | आलु तथा तरकारीको मौसमी/बेमौसमी खेती प्रवर्धन/विस्तार सम्बन्धी कार्यक्रम | (क) तरकारीको हकमाः<br>**(अ) कृषि फर्म/कम्पनीः** खुला जमिनमा २ रोपनी क्षेत्रफल वा संरक्षित संरचना भित्र १४० वर्ग मिटर क्षेत्रफल<br>**(आ) कृषक समूह/सहकारी संस्थाः** खुला जमिनमा १० रोपनी क्षेत्रफल वा संरक्षित संरचना भित्र ७०० वर्ग मिटर क्षेत्रफल<br><br>(ख) आलुबालीको हकमाः<br>**(अ) कृषि फर्म/कम्पनीः** कम्तीमा ३ रोपनी क्षेत्रफल<br>**(आ) कृषक समूह/सहकारी संस्थाः** कम्तीमा ३० रोपनी क्षेत्रफल | कृषि फर्म, कम्पनी मार्फत वा कम्तीमा १० घरपरिवार संलग्न तथा लाभान्वित हुने गरी कृषक समूह वा सहकारी संस्था मार्फत सम्बन्धित बालीको खेती गर्न उपयुक्त रहेको क्षेत्रमा कार्यक्रम सञ्चालन हुने |

| | | | |
|---|---|---|---|
| २. | आलु तथा तरकारी खेती सम्बन्धी स्थलगत तालिम | - | प्रचलित खर्चको मापदण्ड अनुसार सञ्चालन हुने |
| ३. | आलु तथा तरकारी बाली संरक्षण सम्बन्धी कार्यक्रम | - | आलु तथा तरकारी बालीको मुख्य उत्पादन क्षेत्रलाई प्राथमिकता दिई कृषक, कृषि फर्म, कम्पनी, कृषक समूह वा कृषि सहकारी संस्थामार्फत कार्यालयले नै सञ्चालन गर्ने |
| ४. | आलु तथा तरकारीको पोष्टहार्भेष्ट क्षति न्यूनीकरण सम्बन्धी कार्यक्रम | - | कृषि फर्म, कम्पनी, कृषक समूह, कृषि सहकारी संस्था वा बजार समिति, खुद्रा तथा थोक बिक्रेता मार्फत सञ्चालन गर्ने |
| ५. | आलु तथा तरकारीको मूल्य अभिवृद्धि तथा बजार प्रवर्धन सम्बन्धी कार्यक्रम | - | कृषि फर्म, कम्पनी, कृषक समूह, सहकारी संस्था वा बजार समिति मार्फत सञ्चालन हुने |
| ६. | थोक बजारमा किसान स्टल निर्माण तथा सञ्चालन सहयोग/ कृषि उपज बजार तथा संकलन केन्द्रको स्तरोन्नति सम्बन्धी कार्यक्रम | | कृषक समूह, सहकारी संस्था वा बजार समिति मार्फत सञ्चालन हुने |

(ग) आलु तथा तरकारीको मौसमी/बेमौसमी खेती प्रवर्धन/विस्तार सम्बन्धी कार्यक्रमबाट कार्यक्रम सञ्चालन गर्ने कार्यालयको सिफारिस बमोजिम बीउ खरिद तथा व्यवस्थापन, सिँचाइ पूर्वाधार निर्माण तथा मर्मत सम्भार, मेसिनरी औजार तथा यन्त्र उपकरण खरिद, संरक्षित संरचना निर्माण तथा मर्मत, प्राङ्गारिक मल तथा खाद्यतत्व व्यवस्थापन, भण्डारण तथा उत्पादनोपरान्त व्यवस्थापनका लागि पूर्वाधार निर्माण र बजार प्रवर्धन सम्बन्धी कार्यहरू सञ्चालन गर्न सकिनेछ।

(घ) आलु तथा तरकारीबाली सम्बन्धी स्थलगत तालिम (वस्तुगत सेवा टेवा सहित) र आलु तथा तरकारीबालीमा आकस्मिक तथा अभियानमूलक बाली संरक्षण सम्बन्धी कार्यक्रम सञ्चालन गर्दा आलु तथा तरकारीको मौसमी/बेमौसमी खेती प्रवर्धन/विस्तार सम्बन्धी कार्यक्रम सञ्चालन हुने स्थानलाई प्राथमिकता दिई आलु तथा तरकारीबालीको अन्य उत्पादन क्षेत्रमा समेत सञ्चालन गर्न सकिनेछ।

(ङ) आलु तथा तरकारी बालीमा आकस्मिक/अभियानमूलक बाली संरक्षण कार्यक्रम सञ्चालन गर्दा कार्यालयले प्राविधिक परिचालन गरी समस्या पहिचान गर्ने, रोगकिराको प्रक्षेपण गर्ने तथा व्यवस्थापनको लागि आवश्यक पर्ने सामग्री (औजार उपकरण, विषादी लगायत) उपलब्ध गराउन सक्नेछ। विषादीको प्रयोग गर्दा कृषि ज्ञान केन्द्रले सिफारिस गरे बमोजिम आवश्यक सुरक्षाका उपायहरु अबलम्बन गरी गर्नुपर्नेछ।

(च) आलु तथा तरकारीको पोष्टहार्भेष्ट क्षति न्यूनीकरण सम्बन्धी कार्यक्रमबाट आलु तथा तरकारीको उत्पादनोपरान्त व्यवस्थापन तथा क्षति न्यूनीकरणका लागि व्यावसायिक कृषक र कृषि बजारहरुमा आवश्यक सामग्री सहयोग, सचेतना वृद्धि तथा क्षमता विकास सम्बन्धी कार्यहरु सञ्चालन गर्न सकिनेछ।

(छ) आलु तथा तरकारीको मूल्य अभिवृद्धि तथा बजार प्रवर्धन सम्बन्धी कार्यक्रमबाट प्रशोधन गृह निर्माण तथा मेसिनरी औजार खरिद, मूल्य अभिवृद्धिको लागि पूर्वाधार तथा प्रविधि सहयोग, ब्रान्डिङ, प्याकेजिङ, लेबलिङ तथा बजार प्रवर्धनका लागि आवश्यक सामग्री/पूर्वाधार तथा प्रविधि सहयोग लगायतका कार्यहरु सञ्चालन गर्न सकिनेछ।

(ज) थोक बजारमा किसान स्टल निर्माण तथा सञ्चालन सहयोग/ कृषि उपज बजार तथा संकलन केन्द्रको स्तररोन्नति सम्बन्धी कार्यक्रमबाट सञ्चालनमा रहेका थोक बजार तथा कृषि उपज बजार/संकलन केन्द्रमा किसान स्टल निर्माण, बजार/संकलन केन्द्रको पूर्वाधार मर्मत सम्भार, वर्षा/प्रकाश/तापक्रम आदिबाट जोगाउन आवश्यक निर्माण/सुधार लगायतका कार्यहरू सञ्चालन गर्न सकिनेछ।

**२. आर्थिक पक्षः**

(क) स्वीकृत बजेटको परिधिभित्र रही देहायका कार्यक्रम सञ्चालनका लागि देहाय बमोजिम अनुदान सहयोग उपलब्ध गराउन सकिनेछ।

| क्र.सं. | कार्यक्रमको नाम | अधिकतम अनुदान प्रतिशत |
|---|---|---|
| १. | आलु तथा तरकारीको मौसमी/बेमौसमी खेती प्रवर्धन/विस्तार सम्बन्धी कार्यक्रम | कुल लागतको बढीमा पचास प्रतिशत |
| २. | आलु तथा तरकारी खेती सम्बन्धी स्थलगत तालिम | प्रचलित खर्चको मापदण्ड अनुसार सञ्चालन हुने |
| ३. | आलु तथा तरकारी बाली संरक्षण सम्बन्धी कार्यक्रम | कार्यालयले आवश्यकता अनुसार रोगकिरा व्यवस्थापन सामग्री खरिद गरी निःशुल्क उपलब्ध गराउन सक्ने |
| ४. | आलु तथा तरकारीको पोष्टहार्भेष्ट क्षति न्यूनीकरण सम्बन्धी कार्यक्रम | कुल लागतको बढीमा पचास प्रतिशत |
| ५. | आलु तथा तरकारीको मूल्य अभिवृद्धि तथा बजार प्रवर्धन सम्बन्धी कार्यक्रम | कुल लागतको बढीमा पचास प्रतिशत |

| | | |
|---|---|---|
| ६. | थोक बजारमा किसान स्टल निर्माण तथा सञ्चालन सहयोग/ कृषि उपज बजार तथा संकलन केन्द्रको स्तरोन्नति सम्बन्धी कार्यक्रम | कुल लागतको बढीमा पचासी प्रतिशत |

**३. प्रस्ताव मूल्याङ्कनका आधारः**

**(क) आलु तथा तरकारीको मौसमी/बेमौसमी खेती प्रवर्धन/विस्तार सम्बन्धी कार्यक्रममा अनुदानग्राही छनोटको लागि मूल्याङ्कनको आधारः**

| क्र.सं. | मूल्याङ्कनका आधारहरु | अंकभार |
|---|---|---|
| **१.** | **खेती हुने क्षेत्रफल** | **४०** |
| क) | बुँदा १ (ख) बमोजिमको न्यूनतम क्षेत्रफलमा उत्पादन गर्ने भएमा | २० |
| ख) | (क) बमोजिमको क्षेत्रफल भन्दा बढी क्षेत्रफलमा खेती गर्ने भएमा २० अंक प्रदान गरी प्रति २० प्रतिशत थप क्षेत्रफलका लागि १ अंकका दरले थप गरी अधिकतम ४० अंकसम्म प्रदान गर्ने | ४० |
| **२.** | **अनुदानको अवस्था** | **१०** |
| क) | पछिल्लो दुई आ.व. मा सोही प्रकृतिको कार्यका लागि अनुदान प्राप्त नगरेको | १० |
| ख) | पछिल्लो दुई आ.व. मा सोही प्रकृतिको कार्यका लागि अनुदान प्राप्त गरेको | ७ |
| **३.** | **जग्गाको स्वामित्व** | **१०** |
| क) | आवेदकको आफ्नो वा संस्थाको हकमा सदस्यहरुको आफ्नो स्वामित्वमा रहेको जग्गा भएको | १० |
| ख) | जग्गा लिज करारमा लिई कार्यक्रम सञ्चालन गरिने | ७ |
| **४.** | **जग्गाको अवस्थिति** | **१०** |
| क) | कार्यक्रम सञ्चालन हुने जग्गा एउटै क्लष्टरमा भएको | १० |
| ख) | कार्यक्रम सञ्चालन हुने जग्गा एउटै क्लष्टरमा नभएको | ५ |
| | नोटः क्र.सं. ४ को प्रयोजनको लागि उत्पादन गरिने प्लट बीचको दुरी १०० मिटर भन्दा कम भएमा एउटै क्लष्टरमा भएको सम्झनुपर्छ। | |
| **५.** | **प्रत्यक्ष रोजगारी सिर्जना** | **१०** |
| क) | ३ जना वा सो भन्दा कम | ५ |
| ख) | ३ जना भन्दा बढी रोजगारी सिर्जना हुने भएमा १० अंक प्रदान गरी थप एक जनाको रोजगारी सिर्जना बापत १ अंकका दरले थप गरी अधिकतम १० अंकसम्म प्रदान गर्ने | १० |
| ६. | **व्यावसायिक योजना सम्बन्धी प्रस्ताव** (उत्पादन योजना, बाली संरक्षण योजना, बजार योजना, दिगोपना, नवीनतम सोच लगायतका विषयहरु तथा स्थलगत अनुगमन प्रतिवेदनका आधारमा प्रस्ताव मूल्याङ्कन गरी १० देखि २० अंक प्रदान गर्ने) | **२०** |
| | **जम्मा** | **१००** |

ख) आलु तथा तरकारीको पोष्टहार्भेष्ट क्षति न्यूनीकरण सम्बन्धी कार्यक्रममा अनुदानग्राही छनोट गर्दा आवेदन संकलन गरी तुलनात्मक रुपमा बढी परिमाणमा उत्पादन/कारोबार गर्ने र पोष्टहार्भेष्ट क्षति अधिक भएका आवेदक पहिचान गरी कार्यक्रम सञ्चालन गर्नुपर्नेछ।

**ग) आलु तथा तरकारीको मूल्य अभिवृद्धि तथा बजार प्रवर्धन सम्बन्धी कार्यक्रमको लागि मूल्याङ्कनको आधारः**

| क्र.सं. | मूल्याङ्कनका आधार | अङ्क भार |
|---|---|---|
| **१.** | **प्रशोधन/बजारीकरणको लागि कच्चा पदार्थको उपलब्धता** | **३०** |
| क) | आफैंले उत्पादन गर्ने | ३० |
| ख) | सम्बन्धित स्थानीय तहमा उत्पादन हुने | २० |
| ग) | अन्य क्षेत्रबाट आयात गर्नुपर्ने | १५ |
| **२.** | **प्रत्यक्ष रोजगारी सिर्जना** | **२०** |
| क) | ३ जना वा सो भन्दा कम | १० |
| ख) | ३ जना भन्दा बढी रोजगारी सिर्जना हुने भएमा १० अंक प्रदान गरी थप एक जनाको रोजगारी सिर्जना बापत १ अंकका दरले थप गरी अधिकतम २० अंकसम्म प्रदान गर्ने | २० |
| **३.** | **उत्पादित वस्तुको बजार** | **१०** |
| क) | बजारको सुनिश्चितता भएको र यस अघि नै बजारीकरण गर्ने गरेको | १० |
| ख) | बजार खोज्नुपर्ने | ५ |
| ४. | **उद्यमको स्थिति** | **१०** |
| क) | नयाँ स्थापना | १० |
| ख) | पुरानो उद्यमको क्षमता विस्तार | ५ |
| **५.** | **उद्यमको स्वामित्व** | **१०** |
| क) | कृषक समूह वा सहकारी संस्था | १० |
| ख) | कृषक, निजी फर्म वा कम्पनी | ५ |
| ६. | **अनुदानको अवस्था** | **१०** |
| क) | पछिल्लो दुई आ.व. मा सोही प्रकृतिको कार्यको लागि अनुदान प्राप्त नगरेको | १० |
| ख) | पछिल्लो दुई आ.व. मा सोही प्रकृतिको कार्यको लागि अनुदान प्राप्त गरेता पनि व्यवसाय/क्षेत्र विस्तारका लागि प्रस्ताव पेश गरेको । | ७ |
| **७.** | **व्यावसायिक योजना सम्बन्धी प्रस्ताव** (नवीनतम सोच, दिगोपना, बजार योजना लगायतका विषयहरु तथा स्थलगत अनुगमन प्रतिवेदन समेतका आधारमा प्रस्ताव मूल्याङ्कन गरी १ देखि १० अंक सम्म प्रदान गर्न सक्ने) | **१०** |
| | **जम्मा** | **१००** |

घ) थोक बजारमा किसान स्टल निर्माण तथा सञ्चालन सहयोग/कृषि उपज बजार तथा संकलन केन्द्रको स्तरोन्नति सम्बन्धी कार्यक्रममा अनुदानग्राही छनोट गर्दा आवेदन संकलन गरी तुलनात्मक रुपमा बढी

परिमाणमा कृषि उपजको वार्षिक कारोबार गर्ने, यस अघि सोही प्रकृतिको कार्यका लागि अनुदान प्राप्त नगरेका र योजनाको उपयुक्तता अनुसार आवेदक प्राथमिकीकरण र छनोट गरी कार्यक्रम सञ्चालन गर्नुपर्नेछ। उल्लिखित आधार अनुरुप सम्बन्धित कार्यालयले उप-आधार बनाई छनोटको लागि मूल्याङ्कन गर्न सक्नेछ।

**४. प्रस्तावसँग संलग्न गर्नुपर्ने कागजातहरुः**

(क) "बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०७७" को दफा (१६) को उपदफा (३) बमोजिमका कागजातहरु।

(ख) समूह/सहकारी संस्थाको हकमा बैठक निर्णयको प्रतिलिपि,

(ग) पूर्वाधार निर्माणको हकमा सोको विस्तृत लागत अनुमान।

(घ) खेती गरिने यथार्थ क्षेत्रफल सम्बन्धी विवरण खुलेको प्रस्तावित क्षेत्रको जग्गाधनी पूर्जाको प्रतिलिपि र जग्गा लिजमा लिई कार्यक्रम सञ्चालन गर्नेको हकमा न्यूनतम १० वर्षको करार सम्झौताको प्रतिलिपि।

**५. प्रस्तावको ढाँचा**

(कार्यक्रम सञ्चालन गर्ने कार्यालयले प्रस्तावको ढाँचामा आवश्यकता अनुसार परिमार्जन गर्न सक्नेछ।)

**क) आवेदकको संक्षिप्त परिचय**

| | |
|---|---|
| आवेदकको नाम | ठेगाना |
| कार्यक्रम सञ्चालन गर्ने स्थानको ठेगाना | प्रोपाईटर/ अध्यक्षको नाम<br>सम्पर्क नं |
| सम्पर्क व्यक्ति<br>सम्पर्क नं | संलग्न हुने कृषक घरधुरी संख्या |

**ख) सम्बन्धित खेती /व्यवसाय सम्बन्धी विवरण**

| क.सं. | कार्यक्रममा सहभागी हुन चाहने आवेदकको नाम | हाल उत्पादन भईरहेको क्षेत्रफल (हेक्टर/रोपनी) | हालको उत्पादन/कारोबार (मे.टन) | कार्यक्रम सञ्चालनबाट थप हुने क्षेत्रफल (हेक्टर/रोपनी) | थप हुने उत्पादन (मे.टन) |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |

**ग) कुल अनुमानित उत्पादन/कारोबार**

घ) कार्यक्रम सञ्चालन गरिने जग्गाको स्वामित्व तलका मध्ये कुन हो उल्लेख गर्नुहोस्।

१. आवेदकको स्वामित्वमा रहेको

२. लिज करार

ङ) तपाईले पछिल्लो दुई आ.व. मा यसै प्रकृतिको कार्यको लागि अनुदान प्राप्त गर्नुभएको छ?

(अ) छ (आ) छैन

यदि अनुदान प्राप्त गर्नुभएको छ भने विवरण उल्लेख गर्नुहोस्:

| क्र.सं. | अनुदान प्रदान गर्ने निकाय र आर्थिक वर्ष | कार्यक्रमको नाम | प्राप्त गरेको अनुदान रकम (रू.) | प्राप्त गरेको वस्तुगत अनुदानको विवरण (बिरुवा/मेसिनरी औजार, सामाग्री आदि) |
|---|---|---|---|---|
| १. | | | | |
| २. | | | | |

च) सिँचाइ व्यवस्थापन कसरी गर्नुहुन्छ?

छ) रोजगारी सिर्जनाः

ज) खेती गरिने बालीको जातः

| क्र.सं. | बाली जात | आवश्यक पर्ने बीउको परिमाण |
|---|---|---|
| १ | | |
| २ | | |
| ३ | | |

झ) माग गरिएको मेसिनरी औजार तथा उपकरण

| नाम | स्पेसिफिकेशन | माग संख्या |
|---|---|---|
| | | |
| | | |

ञ) क्रियाकलाप विवरण

| क्र.सं. | सञ्चालन हुने क्रियाकलाप | एकाई | दर | संख्या | कुल लागत | कार्यालयको अनुदान | आवेदकको साझेदारी रकम |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | जम्मा | | | | | | |

ट) व्यावसायिक योजना सम्बन्धी प्रस्तावः

- उत्पादन योजनाः

- प्रशोधन योजना तथा बजार योजनाः

- नवीनतम सोचः

- मूल्य अभिवृद्धि सम्वन्धी योजना:

- दिगोपनाः

**ठ) अन्य विषय केही भए उल्लेख गर्नुहोस्।**